# कृषि इन्टर्न परिचालन कार्यविधि-२०७४

नेपाल सरकार

कृषि विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

# कृषि इन्टर्न परिचालन कार्यविधि - २०७४

## खण्ड १. पृष्ठभूमि

कृषि क्षेत्रका आवधिक र दीर्घकालिन कृषि नीति तथा रणनीतिहरुमा कृषिको आधुनिकिकरण र व्यवसायिकरणका लागि कृषि शिक्षा, अनुसन्धान र प्रसारको समन्वयकारी भूमिकालाई प्राथमिकता दिइएको छ ।कृषि विकास रणनीतिको कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा रहेको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको ४ वटा मूलभुत उद्धेश्यहरु मध्ये एउटा उद्धेश्य कृषि शिक्षा, अनुसन्धान र प्रसारको समन्वयात्मक प्रयासवाट कृषिको व्यवसायिकरण र औद्योगिकिकरण गरी आत्मनिर्भर अर्थतन्त्रमा योगदान पुर्याउने रहेको छ । यसै सन्दर्भमा कृषि विश्वविद्यालय/कलेजमा अध्ययनरत विद्यार्थीहरुलाई समुदायस्तरमा रही कृषि विकास कार्यक्रमको व्यवसायिक अनुभव दिलाउनुका साथै विश्वविद्यालय र अन्य क्षेत्रमा भएका कृषि प्रविधिहरुलाई विश्वविद्यालयका विद्यार्थी मार्फत कृषक समक्ष पुर्याउने उद्देश्यले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको दस्तावेजमा कृषि इन्टर्नहरुलाई यस परियोजना अन्तर्गत स्थापना तथा सञ्चालन हुने ब्लक, जोन र सुपरजोनमा खटाउने उल्लेख भएको छ । विद्यार्थीहरुमा व्यवसायिक सिकाईका अलावा कृषि, मत्स्य विज्ञान, खाद्य प्रविधी एवं कृषि इञ्जिनियरिङ्ग सम्बन्धी अनुसन्धानलाई समेत विकास गरी प्रविधि विकास र हस्तान्तरणमा सहयोग पुग्ने अपेक्षाका साथ नेपाल सरकारवाट मान्यता प्राप्त तथा Course Curriculum मा ईन्टर्नको व्यवस्था भएका विश्वविद्यालय/अध्ययन संस्थान/कलेजवाट कृषि, मत्स्य विज्ञान, खाद्य प्रविधी एवं कृषि इञ्जिनियरिङ्ग विषयको स्नातक तहको अन्तिम बर्षका विद्यार्थीहरुलाई परियोजनाको कार्यक्षेत्रमा खटाउने प्रयोजनका लागि कृषि विकास मन्त्रालयले यो कृषि इन्टर्न परिचालन कार्यविधि – २०७४ तयार गरी लागु गरेको छ ।

## खण्ड २. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

२.१ यस कार्यविधिको नाम कृषि इन्टर्न परिचालन कार्यविधि– २०७४ रहेको छ ।

२.२ यो कार्यविधी आ.ब. २०७४/७५ वाट लागु हुनेछ ।

२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "परियोजना" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्झनु पर्दछ ।

(ख) "सुपर जोन" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पुर्वाधारहरु भएको तोकिएको बाली/वस्तुमा न्यूनतम १००० हेक्टरमा संचालन भएको कृषि औद्योगिक क्षेत्र सम्झनु पर्दछ ।

(ग) "जोन" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पुर्वाधारहरु भएको र तोकिएको बालीमा न्यूनतम ५०० हेक्टरमा संचालन भएको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र सम्झनु पर्दछ ।

(घ) "व्लक" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पूर्वाधारहरु भएको र तोकिएको बाली/वस्तुमा न्यूनतम १०० हेक्टरमा संचालन भएको व्यवसायिक कृषि उत्पादन केन्द्र सम्झनु पर्दछ ।

(ङ) "कृषि इन्टर्न" भन्नाले नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालय/अध्ययन संस्थान/कलेजमा कृषि, मत्स्य विज्ञान, खाद्य प्रविधी एवं कृषि इञ्जिनियरिङ्ग विषयको स्नातक तहको अन्तिम बर्षमा अध्ययनरत परियोजनाको व्लक, जोन र सुपरजोनमा खटाईएका विद्यार्थीहरुलाई सम्झनु पर्दछ ।

(च) "विश्वविद्यालय/अध्ययन संस्थान/कलेज" भन्नाले कृषि, मत्स्य विज्ञान, खाद्य प्रविधी एवं कृषि इञ्जिनियरिङ्ग विषयमा स्नातक कार्यक्रम संचालन गरिरहेका नेपाल सरकारवाट मान्यता प्राप्त शैक्षिक संस्थाहरु सम्झनु पर्दछ ।

(छ) "समिति" भन्नाले यस कार्यविधिको उपदफा ४.१ बमोजिम गठन भएको कृषि ईन्टर्न छनौट समिति सम्झनु पर्दछ ।

## खण्ड ३. उद्देश्य

३.१ कृषि ईन्टर्न परिचालन कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेका छन्-

(क) परियोजनाको प्रभावकारी कार्यान्वयनमा सहजिकरण गर्नु,

(ख) कृषि स्नातक गरेका विद्यार्थीहरुको व्यवहारिक ज्ञान, शिप तथा दक्षता अभिवृद्धी गर्नु,

(ग) कृषि अनुसन्धान प्रवर्द्धनको माध्ययमवाट स्थानीय अवस्था अनुकुलका प्रविधी विकास र प्रसारमा सहयोग गर्नु ।

## खण्ड ४. कृषि ईन्टर्न छनौट समिति गठन तथा काम कर्तव्य र अधिकार

४.१ परियोजनाको बार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भए अनुसार विभिन्न विश्वविद्यालय/अध्ययन संस्थान र कलेजहरुवाट खटाईने ईन्टर्नहरुको संख्या निर्धारण गर्ने प्रयोजनका लागि देहाय वमोजिमको समिति रहनेछ-

| | |
|---|---|
| १. परियोजना निर्देशक, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | संयोजक |
| २. कार्यक्रम निर्देशक (कृषि हेर्ने), राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| ३. प्रमुख, मानव संशाधन विकास शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| ४. प्रमुख, योजना तथा समन्वय शाखा, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना व्यवस्थापन ईकाई, | सदस्य |
| ५. प्रमुख, प्रविधी विस्तार तथा पूर्वाधार विकास शाखा, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना व्यवस्थापन ईकाई, | सदस्य सचिव |

परियोजना व्यवस्थापन इकाईका अन्य शाखा प्रमुखहरु आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा रहनेछन् ।

४.२ यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने छन्-

क) कृषि र मत्स्यपालन विषयको स्नातक कार्यक्रम संचालन गरिरहेका नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुलाई विद्यार्थी उपलब्धताको सम्बन्धमा पत्राचार गरी अभिलेख तयार गर्ने । यसरी अभिलेख तयार गर्दा कुन कुन स्थानको लागि र कुन कुन विषयमा कतिजना विद्यार्थीहरु उपलब्ध हुन सक्ने हुन सो को समेत एकिन गर्ने ।

ख) विभिन्न विश्वविद्यालय/अध्ययन संस्थान र कलेजहरुसंग आवश्यकता अनुसार समन्वय गर्ने ।

ग) परियोजनाको बार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भए बमोजिमको सँख्यामा विभिन्न अध्ययन संस्थान र कलेजहरुवाट ईन्टर्नहरु खटाउने प्रयोजनका लागि निश्चित मापदण्ड तयार गरी उक्त निकायहरुको लागि विद्यार्थी संख्या निर्धारण गर्ने ।

घ) यस सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने ।

## खण्ड ५. कृषि ईन्टर्न छनौट प्रक्रिया

५.१ परियोजना व्यवस्थापन इकाईले परियोजनाको उद्देश्य हासिल गर्ने प्रयोजनका लागि वार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भए अनुरुप कृषि इन्टर्न परिचालनका लागि विश्वविद्यालय/अध्ययन संस्थान/कलेजवाट प्रस्ताव/आशय माग गर्ने छ ।

५.२ यसरी प्रस्ताव/आशय माग गरिसकेपछी आफ्नो Curriculum मा इन्टर्नको व्यवस्था भएका विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुको सूचि तयार गरिनेछ ।

५.३ तयार भएका सूची अनुसारका विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुको संख्या तथा इन्टर्न उपलव्ध गराउन सक्ने क्षमताको आधारमा उपदफा ४.१ वमोजिम गठन भएको समितिले उक्त विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुलाइ इन्टर्नको कोटा/संख्या उपलव्ध गराउनेछ ।

५.४ छनौट भएका विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुसँग इन्टर्न परिचालनका लागि परियोजनाले सम्झौता गर्नेछ । विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुले निर्धारित कोटा वमोजिम इन्टर्नहरु छनौट गरी इन्टर्नहरुसंग करार सम्झौता गरी परियोजनाले तोके वमोजिमका आवश्यकता अनुसारको क्षेत्रमा प्रविधि प्रसारमा परिचालन गर्नेछन् ।

५.५ शैक्षिक प्रयोजनको लागि उपदफा ५.३ वमोजिमको संख्यामा विद्यार्थीहरु खटाउन विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुले विद्यार्थी छनौट गर्दा देहाय वमोजिमका मापदण्ड वमोजिमका तोकिएको क्षेत्र र विषयको लागि तोकिएको संख्यामा विद्यार्थीहरुको नामावली छनौट गरी पठाउनु पर्नेछ -

क) सम्बन्धित विषयमा अध्ययनरत रहेको

ख) शैक्षिक स्तर राम्रो रहेको

ग) देशका सवै भौगोलिक क्षेत्रमा गई कामकाज गर्न इच्छुक रहेको

घ) अनुसन्धानको राम्रो ज्ञान रहेको

ङ) खटिई जाने क्षेत्रको स्थानीय भाषाको ज्ञान रहेकोलाई प्राथमिकता दिईने

५.६ यसरी परिचालन हुने कृषि ईन्टर्नको कार्यविवरण (TOR) देहाय वमोजिमको हुनेछ-

क) सम्बन्धित व्लक, जोन र सुपरजोनको कार्यक्षेत्रमा रही तोकिएको अवधिसम्म कामकाज गर्नुपर्ने ।

ख) सम्बन्धित परियोजना कार्यान्वयन ईकाइवाट संचालन गरिने कार्यक्रमहरुको कार्यान्वयनको लागि आवश्यकता अनुसार सहजिकरण गर्ने ।

ग) विद्यमान रहेका कृषि प्रविधिहरुको संकलन गरी प्रसार गर्ने ।

घ) कृषकहरुलाई आवश्यकता अनुसार प्राविधिक सल्लाह दिने ।

ङ) स्थानीय स्तरको कृषि सम्बन्धि समस्या समाधानका लागि अनुसन्धान (Action Research) कार्य गर्ने ।

च) परियोजना कार्यान्वयन इकाई अन्तर्गत रही अन्य आवश्यक कार्यहरु गर्ने ।

५.७ परियोजनाले विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुलाइ इन्टर्न परिचालन वापत समान मापदण्ड निर्धारण गरी वार्षिक स्वीकृत कार्यक्रमको परिधिभित्र रही अनुदान रकम उपलव्ध गराउनेछ । इन्टर्नहरुको सेवा सुविधाको मापदण्ड विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुसंग आवश्यकता अनुसार समन्वय गरी समितिले निर्धारण गर्नेछ ।

## खण्ड ६. अनुदान प्रवाह/लेखा परीक्षण

६.१ विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुलाइ इन्टर्न परिचालन वापत सम्झौता वमोजिम अनुदान रकम उपलव्ध गराइने छ । अनुदान प्रवाहको किस्ता रकम सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ । अनुदान वापतको किस्ता रकम उपलव्ध गराउँदा इन्टर्नको कार्यप्रगति तथा विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुको प्रगति प्रतिवेदनलाइ आधार वनाइनेछ ।

६.२ अनुदान रकमको सदुपयोग, खर्च व्यवस्थापन तथा लेखा परीक्षण गराउने जिम्मा सम्वन्धित विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुको हुनेछ ।

## खण्ड ७. अनुगमन/प्रतिवेदन

७.१ अध्ययन संस्थान/कलेजहरुको शैक्षिक प्रयोजन तथा परियोजनाको प्रविधि प्रसारमा संलग्न इन्टर्नहरुको कार्य प्रगतिको अनुगमन तथा मूल्यांकन सम्वन्धित विश्वविद्यालय/अध्ययन संस्थान/कलेजका सम्वन्धित इन्टर्नका मुख्य सल्लाहकार मार्फत हुनेछ । यसका अलावा सम्वन्धित क्षेत्रका व्लक/जोन/सुपरजोन इकाइका प्रमुख सहायक सल्लाहकारका रुपमा हुनेछन् ।

७.२ विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुको इन्टर्न परिचालनको अनुगमन आवश्यकता अनुसार परियोजना व्यवस्थापन इकाई, कृषि विभाग तथा कृषि विकास मन्त्रालयले गर्नेछन् ।

खण्ड ८. विविध

८.१ यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित नियम कानून बमोजिम हुनेछ ।

८.२ परियोजना कार्यान्वयन समितिले आवश्यकता अनुसार यस कार्यविधिमा परिमार्जन गर्न सक्नेछ ।